**अनुसूची-२**

**(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)**


चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ४ | मितिः२०८०/ ०२/ २० |
|---|---|---|

**भाग-२**

**चिशंखुगढी गाउँपालिका**


चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

<u>सूचना</u>

## चिशंखुगढी गाउँपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०


कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/ ०२/ १९

राजपत्रमा प्रकाशित मितिः २०८०/ ०२/ २०


**प्रस्तावनाः** प्रस्तावनाः

ओखलढुंगा जिल्लाको उत्तरी भागमा अवस्थित चिशंखुगढी गाउँपालिकामा मानवीय गतिविधिका कारण सिर्जित जलवायु परिवर्तनका कारणबाट पारिस्थितिक प्रणालीहरुको सन्तुलन विग्रन गएको छ । भू-क्षय, पहिरो, जमिनको उत्पादकत्वमा ह्रास, पानीको मूलहरु सुक्दै जाने, छोटो समयमा बढी पानी पर्ने, आवश्यक परेको समयमा पानी नपर्ने, खडेरी, वन डढेलो जस्ता समस्याहरुले समग्र वन, कृषि प्रणाली, जैविक विविधता तथा मानव जनजीवनमा प्रतिकूल असर पारेको छ । प्राकृतिक प्रकोपकाले गर्दा मानिसहरु विस्तापनमा परेका छन् भने जलवायु सङ्कटासन्न घरधुरीहरुको संख्या क्रमिक रुपमा बढ्दो छ । वातावरण संरक्षण र विकासबीच समुचित सन्तुलन कायम गर्न सकिएको छैन । विकास निर्माणका क्रियाकलापहरुलाई दिगो, वातावरणमैत्री तथा अर्थतन्त्रमा योगदान पुग्ने गरी फलदाई वनाउनु मुख्य चुनौतिको रुपमा देखिएको छ ।

पारिस्थितिकीय प्रणालीको उत्थानशीलता विकास, जलवायु परिवर्तन अनुकूलन, प्रतिकूल वातावरणीय असरलाई न्यूनीकरण, स्थानीय समुदायको दिगो जिविकोपार्जन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयहरु विषय बहु क्षेत्रगत र बहु आयामिक भएको र तीनवटै तहका सरकार, निजी क्षेत्र एवं विकास साझेदारबीचको समन्वयलाई थप प्रभावकारी वनाउन आवश्यक देखिएकोले,

जलवायु उत्थानशीलता प्रवर्द्धन, भौतिक पूर्वाधार विकास, दिगो जिविकोपार्जन एवं वातावरणीय सेवाको प्रवर्द्धनको लागि जलाधारलाई कार्यक्रम कार्यान्वयन ईकाईको रुपमा लिई आयोजना तथा कार्यक्रमहरुलाई योजनावद्ध तथा एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक देखिएको र एकीकृत जलाधार व्यवस्थापनको तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मुल्यङ्कनको लागि उपयुक्त समन्वय संयन्त्र सहितको व्यवस्था गर्न बाञ्छनिय रहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७) तथा दफा १०२ को उपदफा (२) बमोजिम चिशंखुगढी गाउँपालिकाको गाउँकार्यपालिकाले यो निर्देशिका वनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "चिशंखुगढी गाउँपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका चिशंखुगढी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"अनुकूलन"** भन्नाले जलवायु परिवर्तनको विद्यमान तथा सम्भाव्य असर र जोखिमको आंकलन गरी थप हानी नोक्सानीहरुलाई रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्यास, अन्य कुनै ग्याँस, धुँवा वा धुलो निष्काशन हुने कार्य सम्झनु पर्दछ ।

(ग) **"एकीकृत जलाधार व्यवस्थापन"** भन्नाले जलाधार क्षेत्रलाई कार्यक्रम कार्यान्वयन ईकाईको रुपमा लिई जल, जंगल, जमीन, तथा अन्य प्राकृतिक स्रोतहरुको सन्तुलित र दिगो व्यवस्थापन गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने विषयलाई जनाउँदछ ।

(घ) **"एकीकृत जलाधार व्यवस्थापन योजना"** भन्नाले जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय व्यवस्थापनका क्रियाकलापहरुलाई समेटेर तोकिएको प्रकृया पुरा गरी आवधिक रुपमा कार्यान्वयन गर्न तयार गरिएको दस्तावेजलाई सम्झनु पर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्दछ ।

(च) **"जलवायु परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियकलापले वायुमण्डलको वनौटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमश देखा पर्ने परिवर्तन सम्झनु पर्दछ ।

(छ) **"जलवायु परिवर्तन समयानुकूलन"** भन्नाले जलवायु परिवर्तनले पारेको असरलाई कम गरी वातावरण र पारिस्थितिक प्रणालीलाई पुरानै प्राकृतिक अवस्थामा लैजान गरिने कार्य सम्झनु पर्दछ ।

(ज) **"जलाधार क्षेत्र"** भन्नाले पानी बहावको ढलो जहाँ पानी बग्दै एक निश्चित नदी, खोलामा मिसिई साझा विन्दुबाट बाहिर हुन्छ, त्यस्तो क्षेत्रलाई जनाउँछ ।

(झ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणाली (ईको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेशिज डाईवरसिटी) तथा बंशाणुगत विविधता (जेनेटीक डाईवरसिटी) सम्झनु पर्दछ ।

(ञ) **"जोखिम न्यूनीकरण"** भन्नाले प्रकोपमा हुन सक्ने विनासलाई ठिकसंग आँकलन गर्ने र विपद्का समयमा तीनका असरहरुलाई कम गर्ने र त्यसका लागि ठीक योजना तथा उपायहरुका छनोट गर्ने कार्य सम्झनु पर्दछ ।

(ट) **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरू तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्दछ ।

(ठ) **"न्यूनीकरण"** भन्नाले मानवीय कृयाकलापको कारण हुने वातावरणीय प्रभावहरू घटाउने वा रोक्ने कार्य सम्झनु पर्दछ ।

(ड) **"भू तथा जलाधार संरक्षण"** भन्नाले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्न वा बचाउने तथा

पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राखे वा पानीको वहाबलाई धमिलो हुन नदिई स्वच्छता बनाई रखे कार्य सम्झनु पर्दछ ।

(ढ) "वातावरणीय सेवा" भन्नाले पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्वन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन र वस्तु तथा सेवाबाट प्राप्त हुने लाभ सम्झनु पर्दछ ।

(ण) "स्थानीय तह" भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्दछ ।

३. <u>पृष्ठभूमि तथा निर्देशिकाको औचित्यः</u> (१) चिशंखुगढी गाउँपालिका नेपालको कोशी प्रदेश अन्तर्गत ओखलढुंगा जिल्लाको पूर्वी क्षेत्रतर्फ अवस्थित गाउँपालिका हो । साविकका कुइभिर, दियाले, पोखरे, रातामाटे, सेर्ना, माम्खा, तथा भदौरे गरी सातवटा गा.वि.स हरुलाई मिलाएर चिशंखुगढी गाउँपालिका बनाइएको हो । यस गाउँपालिकामा जम्मा ८ वटा रहेका छन् । यस गाउँपालिकाको पूर्वतिर खोटाङ जिल्ला दुधकोशी नदी, पश्चिमतर्फ सिद्धिचरण नगरपालिका, उत्तरतर्फ सोलुखुम्बु जिल्ला तथा दक्षिणतर्फ सिद्धिचरण नगरपालिका तथा खोटाङ जिल्ला पर्दछन् । समुन्द्री सतहको करीब ४२५ मीटरदेखि झण्डै ३२०० मिटरसम्मको उचाइमा अवस्थित रहेको गाउँपालिकाको कूल क्षेत्रफल १२६.९१ वर्ग किलोमिटर छ । यो गाउँपालिका कोशी किनारदेखि उच्च पहाडसम्म फैलिएको हुँदा यहाँको हावापानी समेतमा विभिन्नता पाइन्छ । उच्च पहाडी क्षेत्रमा हावापानी चिसो छ भने तल्लो क्षेत्रमा उष्ण हावापानी पाईन्छ । तापक्रममा समेत विविधता रहेकोले कम उचाई भएको क्षेत्रमा २७ देखि ३१ डिग्री सेन्टिग्रेडसम्म हुने गर्छ उचाई बढी हुने स्थानहरुमा शुन्य भन्दा कम हुने गर्दछ उवार्षिक सरदर २९४० मिलीमिटर सम्म वर्षा हुने गर्छ । गाउँपालिकाको अधिकांश जमीन पाखो, भीर तथा वन जंगल र केही खेतियोग्य भूमि रहेको छ । जिल्ला वन कार्यालयको अभिलेख अनुसार ४१ वटा सामुदायिक वनको २१३५ हेक्टर वनक्षेत्र सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिसकिएको छ । २१ वटा कबुलियती वनहरु हस्तान्तरण भएका छन् । यस पालिकामा रहेका वन क्षेत्रहरुमा मुख्य रुपमा चिलाउने, कटुस, सल्लो, उत्तीस, बाँझ, लगायतका वनस्पतिजन्य प्रजातिहरु र मृग, घोरल, बाँदर, कालिज, स्याल जस्ता वन्यजन्तुहरु पाईन्छन् ।

कूल ३,३०४ घरधुरी रहेको गाउँपालिकामा जम्मा जनसंख्या १३,८४४ रहेको छ जसमा पुरुषको संख्या ६,७८४ रहेको छ भने महिलाको संख्या ७,०६० रहेको छ । यस पालिकाको औषत घरधुरी संख्या 4.19 रहेको छ भने महिला पुरुषको अनुपात ९६.९० रहेको छ । यस गाउँपालिकाको साक्षरता दर ८३.८५ प्रतिशत रहेको छ

भने यस गाउँपालिकामा ४४ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा बसोबास गरेको जनसंख्यालाई जातजातिका आधारमा हेर्दा यस पालिकामा सबै प्रकारका जातजातिहरुको बसोबास देखिन्छ । घरधुरी संख्याका हिसाबले सबैभन्दा ठूलो संख्या क्षेत्रीहरुको छ भने क्षेत्रीपछि दोस्रो संख्या मगर, तेस्रो संख्या राई जातिको छ । यसैगरी यस पालिकामा बसोबास गर्ने अन्य जातिहरुमा ब्राम्हण, माझी, गिरी, नेवार, तामाङ तथा दलितहरु छन् । यस गाउँपालिकामा बसोबास गर्ने कुल जनसंख्यामध्ये सबैभन्दा बढि मानिसहरुले नेपाली भाषा बोल्छन भने दोस्रोमा राई भाषा र क्रमश मगर भाषा, तामाङ्ग भाषा, शेर्पा भाषा, माझी भाषा रहेका छन् । धर्मका आधारमा मानिसहरको संख्या हिन्दु ८०.६५ प्रतिशत, किराँत १२.०१ प्रतिशत र बौद्ध धर्म मान्ने मानिसहरुको संख्या ६.३९ प्रतिशत रहेको छ । पिचिरीङ कुईभिर छाँगा, कृष्णेश्वर मन्दिर. सिंहदेवि मन्दिर, चिसापानि, कालिपोखरी, रात्माटे झरना, सिरानचौर, चन्डी घर, रक्तमाला मंन्दिर, जाल्पा देवि मन्दिर, नवदुर्गा भवानी आदि यस क्षेत्रका प्राकृतिक, धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरु हुन । यस पालिका भित्र रहेका सिमसार क्षेत्रहरुमा हिलेछ्राप पोखरी, कालीपोखरी, हाइड्रो पावरको पोखरी, जामुने सिमसार आदि प्राकृतिक तथा पारिस्थितिकिय दृष्टिकोणले महत्वपूर्ण प्राकृतिक जलसम्पदाहरु हुन् ।

जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट कृषिमा क्षति पुग्नु, सिचाईयोग्य जमिनको कमि हुनु, खेतीपाती परम्परागत निर्वाहमुखी हुनु, युवामा कृषि पेशाप्रतिको आकर्षण घट्नु, वन्यजन्तुबाट कृषिबालीमा क्षति पुग्नु कृषि क्षेत्रका प्रमुख समस्याहरुको रुपमा देखिएको छ । यस गाउँपालिकामा खडेरी, बाढी, आगलागी, पहिरो, जंगली जनावरको आतंक प्रमुख घटनाहरु हुने गरेका छन् । विपद् प्रतकार्यका गउँपालिकाले लागि मानव संसाधन तथा संस्थागत विकास, भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, विपद् प्रतिरोधी जिविकोपार्जन, आपतकालीन पूर्वतयारी, विपद् जोखिम न्यूनीकरणलाई नीति, योजना तथा कानूनहरुमा मूलप्रवाहीकरण जस्ता कार्यहरु गर्दै आएको छ । गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । विपद् जोखिम न्यूनीकरणको लागि संस्थाहरुको क्षमता अभिवृद्धि गरी स्रोत साधन सम्पन्न गराउन आवश्यक देखिएको छ ।

(२) जलाधार व्यवस्थापनको कार्य गाउँपालिकामा उपलब्ध कृषि, वन, भौतिक पूर्वाधार, जलस्रोत, माटो, खनिज तथा खानी, मानव संसाधनको एकीकृत रुपमा व्यवस्थापनको विषय भएको हुँदा माथि उपदफा १ मा औल्याईएका समस्या तथा चुनौतिहरुलाई

निशान्त शर्मा
अध्यक्ष

संवोधन गर्ने गरी जलवायु उत्थानशील, दिगो जिविकोपार्जनमुखी, लैङ्गिक तथा समाजिक समावेशीकरण सहितको एकीकृत योजना तयारी, कार्यान्वयन एवं अनुगमन गर्न कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले यो निर्देशिका तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-२
## जलाधार व्यवस्थापनको जिम्मेवारी तथा योजनाको कार्यान्वयन प्रकृया

४. जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गाउँपालिकाले गर्ने (१) जलाधार क्षेत्रको दिगो विकास, जैविक विविधता संरक्षण, वातावरणीय जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन एवं समयानुकूलन तथा उत्थानशीलता विकास, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक तथा समाजिक समावेशीकरणको प्रवर्द्धन, समुदायको जिविकोपार्जन सहयोग, भू-उपयोग प्रणाली अवलम्बन लगायतका स्थानीय तहको अधिकारसंग सम्बन्धित अनुसूची-१ बोजिमका विषयमा गाउँपालिकाले दीर्घकालीन, मध्यकालीन र कार्यान्वयन योजना वनाई एकीकृत रुपमा व्यवस्थापन गर्नेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापनको क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी, विकास साझेदार संघ संस्थाले गाउँपालिकालाई सहयोग गर्नु पर्नेछ ।

५. जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने: (१) गाउँपालिका क्षेत्रभित्रको निजी स्वामित्वको जग्गामा कुनै व्यक्ति वा संस्थाले जलाधार संरक्षण सम्बन्धी संरचनाहरु निर्माण गर्दा गउँपालिकाको सहयोग लिन चाहेमा अनुसूची-२ बमोजिमको निवेदन अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष समक्ष निवेदन पेश भएमा गाउँपालिकाले उपलब्ध भएसम्म आफ्नो बजेट तथा कार्यक्रमबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ । सो कार्यका लागि गाउँपालिकासंग बजेट तथा कार्यक्रम उपलब्ध नभएमा जलाधार संरक्षणमा काम गर्ने प्रदेश तथा संघीय सरकार अन्तर्गतको कार्यालय एवं विकास साझेदारसंग समन्वय गरी आर्थिक एवं प्राविधिक स्रोत साधन जुटाउन सहयोग गर्नेछ ।

६. योजना कार्यान्वयन गर्दा गउँपालिकाको सहमति लिनुपर्ने: (१) जलाधार क्षेत्र संग सम्बन्धित विकास निर्माण तथा आयोजना कार्यान्वयनको लागि गठन भएका उपभोक्ता समिति, निर्माण समिति, निर्माण व्यवसायी, गैर सरकारी संस्था, सहकारी क्षेत्रले गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको अधिकारसंग सम्बन्धित विषयमा कार्यक्रमहरु

निशान्त शर्मा
अध्यक्ष

सञ्चालन गर्दा गाउँपालिकालाई जानकारी गराई सहमति लिई एकीकृत एवं समन्वायत्मक ढंगले सञ्चालन गर्नु पर्नेछ ।

(२) अनुमति लिंदा अनुसूची-३ बमोजिमको निवेदनसाथ डिजाईन, लागत अनुमान, आर्थिक एवं प्राविधिक स्रोत साधनको उपलब्धता, कार्यान्वयन गर्ने संस्था सहितको विस्तृत आयोजना प्रतिवेदन संलग्न राखि पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले पेश भएका योजना तथा कागजातहरुको अध्ययन गरी कार्यक्रम सञ्चालन सहमति प्रदान गर्न सक्नेछ ।

७. <u>संघीय तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजनाको कार्यान्वयनः</u> (१) संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायहरु, आयोजना, परियोजना तथा आर्थिक सहयोगमा सञ्चालन हुने योजनाको हकमा योजना तयारी तथा कार्यान्वयन गर्ने प्रकृया पहिलेनै निर्धारण गरेको भएमा गाउँपालिकाले सोही प्रकृया बमोजिम आयोजना कार्यान्वयनमा सहयोग गर्नेछ ।

(२) योजना तर्जूमाको समयमानै गाउँपालिकासंग छलफल भई संघीय तथा प्रदेश सरकार मार्फत सञ्चालन भएका योजनाको कार्यान्वयनमा गाउँपालिकाले विषेश प्रथामिकता दिनेछ ।

(३) उपदफा (१) बमोजिमको सहयोग उपलब्ध गराउने व्यवस्थाको लागि गाउँपालिकाले योजना कार्यान्वयन विधि, डिजाईन, योजना कार्यान्वयन समयतालिका, लागत अनुमान, बजेट लागयतको विषयमा जानकारी प्राप्त गर्न संघ तथा प्रदेश सम्बद्ध सम्बन्धित निकायलाई अनुरोध गर्नेछ ।

## परिच्छेद-३
## एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयन

८. <u>आधारभूत तथ्याङ्कहरुको राख्ने जिम्मेवारी वडा कार्यालयहरुको हुनेः</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजना तयारीको लागि आवश्यक पर्ने तथ्याङ्क वडा कार्यालयहरुले अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) गाउँपालिका तथा वडा कार्यालयहरुले गाउँपालिकामा उपलब्ध नदी प्रणाली, भौतिक संरचनाहरु, जलवायु संग सम्बन्धित विवरण, जैविक विविधता, कृषि वन, सामुदायिक वन, कबुलियति वन, निजी वन, उपलब्ध वातावरणीय सेवाहरु,

निशान्त शर्मा
अध्यक्ष

जलाधार तथा सुक्ष्म जलाधार क्षेत्रको विवरण समेत उल्लेख गरी वस्तुगत प्रोफाईल, नक्सा, तथ्याङ्क तयार गरिनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एकीकृत जलाधार योजना तथा कार्यक्रमहरु तर्जूमा गर्दा गाउँपालिकाको भू-धरातलीय स्वरुप एवं भौगोलिक विविधता, विकास पूर्वाधारहरुको उपलब्धता, तापक्रम वृद्धि, प्राकृतिक प्रकोपहरु, जैविक विविधता, पारिस्थकीय प्रणाली एवं वातावरणीय सेवा, कृषि, पशुपालन, सामाजिक-आर्थिक एवं साँस्कृतिक अवस्था, रोजगारी आयआर्जनका अवसरहरु, आर्थिक सम्पन्नता स्तरीकरण, लैङ्गिक तथा सामाजिक समावेशीकरण आदिको वस्तुगत रुपमा विश्लेषण गरी योजना तर्जूमा गरिनेछ ।

९. <u>एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा:</u> (१) दफा ७ को उपदफा (३) बमोजिमका तथ्याङ्कहरुको आधारमा गाउँपालिका भित्रको जलाधार-उप जलाधार तथा शुक्ष्म जलाधारहरु पहिचान गरी अनुसूची-४ बमोजिमको एकीकृत जलाधार व्यवस्थापन दीर्घकालीन, मध्यकालीन तथा आवधिक योजना वनाई योजनालाई बार्षिक कार्यक्रमहरुमा आन्तरिकीकरण गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२) योजना तर्जूमा गर्दा प्रथामिकता प्राप्त जलाधारमा तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तरसम्बन्ध पहिचान गरी उपल्लो तटीय क्षेत्रको संरक्षणलाई विशेष जोड दिई समग्र जलाधार क्षेत्रको स्थानीय समुदाय र पारिस्थितिकीय प्रणालीलाई लाभ पुग्ने गरी, उत्पादकत्व विकास, सङ्कटासन्न घरधुरीहरुको जलवायु उत्थानशीलता विकास, वहु प्रकोप जोखिम न्यूनीकरण, लैङ्गिक तथा समाजिक समावेशीकरण तथा विकासका पूर्वाधारहरुको दिगोपना कायम गर्ने खालका कार्यक्रमहरु छनौट गरिनेछ ।

(३) योजनामा अनुसूची-५ मा उल्लिखित आधारहरुमा वृहत्तर जलाधार, जलाधार, उप-जलाधार र शुक्ष्म जलाधार पहिचान एवं प्रथामिकीकरण गरी देहाय बमोजिमका जलाधार व्यवस्थापनसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(क) दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति पाईने क्षेत्र, पानीको मुहान, धार्मिक वन, जस्ता विशेष पारिस्थितिकीय प्रणालिको पहिचान तथा संरक्षण संरक्षित जलाधारको रुपमा व्यवस्थापन;

(ख) सार्वजनिक तथा खाली जग्गामा डालेघाँस, फलफुल, बहुबर्षिय नगदेवालीको विकास एवं विस्तार गरी हरियाली प्रवर्द्धन तथा जमिनको पानी वहन क्षमता अभिवृद्धि कार्यक्रम;



निशान्त शर्मा
अध्यक्ष

(ग) विपद् व्यवस्थापनका लागि बाली तथा पशु विमा, बाँस रोपण, संरक्षण वृक्षारोपण, समुदायमा आधारित विउ बैङ्क, तटवन्ध तथा चेक ड्याम निर्माण;

(घ) भू-क्षय, पहिरो, , सुख्खा, आगलागी,बाढी, नदी कटान जस्ता प्रकोपहरुबाट क्षतिग्रस्त भूमिको पहिचान गरी प्रकोप रोकथाम, उत्पादन, उत्पादकत्व तथा जलवायु परिवर्तनउत्थानशीलता विकास;

(ङ) पानी भण्डारणको लागि पोखरी तथारिजर्भ टयाङ्की निर्माण, बर्षातमा परेको पानी सङ्कलन गर्न प्रविधिको विस्तार, लिफ्ट प्रणाली, फोहरा सिंचाई, मुहान संरक्षण, संरक्षण पोखरी निर्माण;

(च) ग्रामीण सडक, नहर, सिचाई कूलो, पुल, भवन, लगायतका विकासका पूर्वाधारहरु निर्माण गर्दा हुन सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न पूर्वाधार संरक्षणमूलक संरचना तथावायो ईन्जिनियरिङ्ग प्रविधिलाई एकीकृत रुपमा सञ्चालन;

(छ) मुलाधार संरक्षण, जल भरण, संरक्षित जलाधार क्षेत्रको पहिचान व्यवस्थापन, वनको संरचना परिवर्तन गरी कोणधारी वन भएका वनहरूलाई चौडापाते वनको रुपमा विकास गर्ने जस्ता कृयाकलापहरु सञ्चालन;

(ज) भिरालो तथा हैसियत कम भएको  खेतियोग्य र नदी उकास जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणालीको विकास तथा अवलम्बन;

(झ) भूक्षय नियन्त्रणको लागि हाँगा मुठा फ्यासिन, पेलिसेड, गल्छी नियन्त्रण जस्ता कार्यक्रमहरू

(ञ) चक्रिय बाली, भिरालो जमिनमा कृषि प्रविधि, कम्पोष्ट तथा गोठेमल, संरक्षण खनजोत, भिरालो जमिनमा झाडीको लहर, बहुबाली, बायोचार, एकीकृत शत्रुजीव व्यवस्थापन जस्ता प्रविधि अवलम्बन गरी खेतियोग्य जमिनको संरक्षण;

(४) जलाधार व्यवस्थापनको योजना तर्जूमा गर्दा स्थानीय वडा, डिभिजन वन कार्यालय तथा सम्बद्ध सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरिनेछ ।

(५) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा गर्दा विषय विज्ञ, स्थानीय वुद्धिजिवी तथा नागरिक समाज, महिला, बालबालिका, दलित, अल्पसंख्यक, अपाङ्गता

भएका व्यक्ति, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, जेष्ठ नागरिक युवा लगायतका सरोकारवालाहरुलाई सहभागति गराईनेछ ।

(६) जलाधार व्यवस्थापन योजनामा अनुसूची-४ मा उल्लेखित विषयवस्तु समावेश हुनेछ ।

१०. योजना कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्थाः (१) एकीकृत जलाधार व्यवस्थापन योजनालई गाउँपालिकाले खर्च संरचना, विषयगत योजना, बार्षिक योजनामा आन्तरिकीकरण गरी कार्यान्वयनमा ल्याउनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयनको लागि गाउँपालिकाले आन्तरिक स्रोतको परिचालन गर्नुका साथै संघ तथा प्रदेशमार्फत प्राप्त हुने स्रोत साधन परिचालन गर्नेछ ।

(३) एकीकृत जलाधार योजना कार्यान्वयनका लागि प्रदेश तथा संघीय सरकार, दातृ निकाय, विकास साझेदार, सहकारी, नागरिक समाज, कार्वन व्यापार तथा वातावरणीय सेवाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक स्रोत, निजी क्षेत्र, सामाजिक उत्तरदायित्व वहन गर्ने संस्थाबाट आर्थिक स्रोत प्राप्त गर्न आवश्यक समन्वय गरिनेछ ।

(४) एकीकृत जलाधार व्यवस्थापनका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा जनसहभागी जुटाई सञ्चालन गरिनेछ ।

(५) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी योजना तर्जूमा, कार्यान्वयन र अनुगमनको लागि गाउँपालिका अन्तर्गत जलवायु तथा जलाधार व्यवस्थापन ईकाई गठन गरिनेछ ।

११. कार्यक्रम कार्यान्वयन विधिः (१) जलवायु परिवर्तनबाट परेका प्रतिकूल प्रभावहरुको न्यूनीकरण, पारिस्थितिकीय प्रणाली र स्थानीय समुदायको जलवायु उत्थानशीलता विकास एवं जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजनामा आन्तरिकीकरण गरिनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजनामा समावेश भएका कार्यक्रमहरुलाई गाउँपालिकाको बार्षिक योजना, बजेट, खर्च संरचना र अनुगमन तथा मुल्याङ्कन योजनामा मूलप्रवाहीकरण गरी कार्यान्वयन गरिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

(३) जलाधार व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका जलवायु उत्थानशीलता विकासका कार्यक्रमहरु मूलप्रवाहीकरण गरिनेछ ।

(क) भौतिक संरचनाको डिजाईन र निर्माण गर्दा जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरु;

(ख) सुख्खा क्षेत्रको निम्ति उपयुक्त हुने कृषि बालिको पहिचान गरी प्रवर्द्धन;

(ग) पानीको स्रोतको संरक्षण, वहुआयामिक प्रयोग, पानी किफायती सिंचाई प्रविधि, जल भरण, जल भण्डारणको लागि प्रविधिको विकास तथा विस्तार;

(घ) बाली विविधिकरण, कृषि जैविक विविधताको संरक्षण र प्राङ्गारिक खेती प्रणालीको प्रवर्द्धन;

(ङ) बाँझो कृषियोग्य जमिनमा वहुउपयोगी रुख प्रजातिहरु सहितको कृषि वन प्रणालीका विकास,

(च) बाली विविधिकृत करेशाबारी एवं घरबगैंचाको विकास तथा प्रवर्द्धन;

(छ) जलवायु परिवर्तनको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं संवेदनशील पारिस्थितिकीय प्रणालीको संरक्षण कार्यलाई एकीकृत जलाधार व्यवस्थापन योजनामा मूलप्रवाहीकरण;

(ज) वनमा लाग्ने रोग, किरा, खडेरी, डढेलो र मिचाहा प्रजातिको प्रकोपको न्यूनीकरण तथा व्यवस्थापन गर्न डिभिजन वन कार्यालय, अनुसन्धानमूलक संघ संस्था र सामुदायिक वनसंग सहकार्य गरिनेछ ।

(झ) जलवायु परिवर्तन उत्थानशील न्यून कार्वन उत्सर्जन सम्बन्धि प्रविधिको विकास तथा विस्तार;

(ञ) जलवायुमैत्री खेती प्रणालीसंग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यास एवं नविनतम प्रविधिको अभिलेखीकरण, प्रवर्द्धन र विस्तार;

(ट) वातावरणीय अध्ययन गरी स्थानीयस्तरका विकास निर्माणका परियोजनालाई जलवायु उत्थानशील वनाउन समन्वय तथा संयन्त्रको विकास;

(ठ) जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन;

निशान्त शर्मा
अध्यक्ष

(ड) जलवायू परिवर्तनबाट सिर्जित बाढी, पहिरो, खडेरी, चट्याङ्ग, वन डढेलो, आगलागी, महामारी लगायतका प्रकोपहरुका अनुगमन, पूर्वानुमान, तथा पूर्व सूचना प्रणाली व्यवस्थापनमा सरोकारवालाहरुसंग सहकार्य तथा समन्वय;

(४) योजना तर्जूमा तथा कार्यान्वयन गर्दा संघीय तथा प्रदेश सरकार, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदारसंग साझेदारी तथा समन्वय गरीनेछ ।

१२. <u>वातावरणीय सेवा प्रवर्द्धनः</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजना तयार गर्दा गाउँपालिकामा उपलब्ध अनुसूची-६ बमोजिमका वातावरणीय सेवाहरूको अभिलेखीकरण गरिनेछ ।

(२) प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकामा उपलब्ध जलस्रोत उपयोगको प्राथमिकता निर्धारण गरी आहाल, पोखरीहरू र पानी मुहानको दर्ता गरी परम्परागत उपयोगको आधारमा जलस्रोतको उपयोग एवं वितरण गरिनेछ ।

(३) उपल्लो तटीय तथा तल्लो तटीय अन्तरसम्बन्धको आधारमा संघीय तथा प्रदेश सरकारको समन्वय तथा साझेदारीमा वातावरणीय सेवाको भुक्तानी संयन्त्रको विकास गरी कार्यान्वयनमा गरिनेछ ।

(४) जलवायु परिवर्तनको जोखिममा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गरी त्यस्ता सम्पदाहरूको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गरिनेछ । परम्परागत मूल्य मान्यता तथा व्यवस्थापन पद्धतिहरुलाई प्रवर्द्धन गरिनेछ ।

१३. जलवायु उत्थानशील दिगो जिविकोपार्जनः (१) जलवायु उत्थानशील जिविकोपार्जनका असल अभ्यास तथा सिकाईहरुलाई गाउँपालिका तथा विकास साझेदारद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

(२) संरक्षणमुखी कृषि प्रणाली, कृषि वन, नीजि तथा कबुलयति वन, पशुपालन, प्राकृतिक स्रोत साधनमा आधारित उद्यमशिलता विकास, जस्ता कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजना तथा गाउँपालिकाकाले तर्जूमा गर्ने अन्य दीर्घकालीन, बार्षिक तथा आवधिक योजनाहरुमा आन्तरिकीकरण गरीनेछ ।

(३) जलवायु उत्थानशील दिगो जिविकोपार्जनका देहाय बमोजिमका कार्यक्रमहरुलाई प्रथामिकताको आधारमा योजना तथा कार्यक्रमहरुमा समावेश गरिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेश, नेपाल २०७३

(क) पानीको उपलब्धता र पहुँच वृद्धि गर्न थोपा सिंचाई, सौर्य सिंचाई, प्लास्टिक पोखरी, कुलो, तलाउ निर्माण गर्ने र लोप भएका पोखरीहरूको पुनर्स्थापना;

(ख) पानीको स्रोत संरक्षण, जल भरण, जल भण्डारणलाई कृषि प्रणालीसँग आवद्ध गरी पानीको वहुआयामिक प्रयोग गर्दै कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि;

(ग) गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली (साल्ट प्रविधि, एकीकृत कृषि वन;

(घ) उपलब्ध ज्ञान तथा प्रविधिको प्रयोग गरी कृषि, वन, पशुपालन जस्ता क्षेत्रलाई रोजगारमूलक वनाउन युवाहरुको क्षमता विकास एवं परिचालन;

(ङ) कृषि तथा पशुपंक्षी विमा लागू गरी जोखिम न्यूनीकरण;

(च) कृषि तथा वन पैदावारमा आधारित साना उद्यमहरुको विकास;

(छ) स्थानीय स्तरमा कृषि सुचना प्रणाली स्थापना गरी मौसम तथा कृषि सम्बन्धी सूचना प्रवाह;

(ज) जलवायु उत्थानशील खेतिपाति प्रविधिको विकास एवं विस्तारमा युवाहरुलाई अभिमुखीकरण तथा क्षमता विकास;

(झ) गरिब, भूमिहिन र सङ्कटासन्न घरधुरीहरुको लागि जिवकोपार्जनका र आयआर्जनका उपायहरु पहिचान गरी कार्यान्वयन;

(ञ) भौतिक संरचना निर्माण गर्दा उपयुक्त सामग्री तथा प्रविधिको प्रयोग गरी जलवायु उत्थानशील वनाउने;

१४. <u>लैङ्गिक तथा समाजिक समावेशीकरणः</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा प्रकृयामानै महिला, जनजाति, दलित, आदिवासी, सीमान्तकृत, आर्थिक रुपमा पछाडी परेका समुदायलगायतका लक्षित वर्गको सहभागितालाई अनिवार्य गरिनेछ ।

(२) वडा कार्यालयहरु मार्फत महिला, बालबालिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, दलित, लोपोन्मुख, सिमान्तकृत, आदिवासी जनजाति जेष्ठ नागरिक, लगायतका लक्षित वर्गको विवरण सँङ्कलन गरी अद्यावधिक गरिनेछ । रोजगारी, जिविकोपार्जन, सीप तथा क्षमता विकाससंग जोडिएका कार्यक्रमहरुमा लक्षित वर्गको सहभागितालाई जोड दिईनेछ ।

निशान्त शर्मा
अध्यक्ष

(३) एकीकृत जलाधार व्यवस्थापन योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताहरुलाई मूलप्रवाहीकरण गरिनेछ ।

(४) एकीकृत जलाधार व्यवस्थापन योजना, जलवायु परिवर्तन उत्थानशीलता योजना, जिविकोपार्जन तथा क्षमता विकास योजना, कार्यक्रम, खर्च संरचना र बजेट प्रणालीलाई लक्षित वर्गमैत्री तथा लैङ्गिक उत्तरदायि वनाईनेछ ।

(५) लैङ्गिक तथा समाजिक समावेशीकरणको लागि देहाय बमोजिमका कार्यक्रमहरुलाई आवश्यकताको आधारमा प्रथामिकीकरण गरी सञ्चालनमा ल्याईनेछ ।

(क) विपद् प्रतिकार्यको लागि गठन हुने समिति, कार्यदल र समुहहरुमा महिला तथा सङ्कटासन्नताको प्रतिनिधित्व वृद्धि;

(ख) महिला तथा सङ्कटासन्न समुदायलाई कृषि उद्यम सञ्चालन गर्न सहुलियत र सहजीकरण उपलब्ध गराउने;

(ग) कृषि तथा जलाधार संरक्षणको क्षेत्रमा विभिन्न तहमा महिलाहरुको संस्थागत क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि कार्यक्रम सञ्चालन;

(घ) कृषिमा संलग्न महिला र विपन्नहरुको जोखिम कम गर्नका लागि नवीन उपकरणहरु बनाउउन  निजी क्षेत्रसंग सहकार्य गर्ने;

(ङ) व्यापार व्यवसाय तथा उद्यमहरुमा महिला र सङ्कटासन्न घरधुरीहरुको सहभागीता अभिवृद्धि, महिलाको नाममा उद्योग दर्ता गर्ने प्रकृयालाई प्रोत्सहान तथा सरलीकरण; प्राविधिक ज्ञान तथा सीप विकास गर्न तालिमहरु सञ्चालन ,

(च) जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि कृषक पाठशाला स्थापना गरी महिला तथ सङ्कटासन्न कृषकहरुबीच सूचना, ज्ञान र सीपको आदान-प्रदान;

(छ) जलाधार व्यवस्थापन, दिगो वन व्यवस्थापन, तथा वातावरणीय सेवाको भुक्तानीबाट प्राप्त हुने रोजगारीम महिलाको सहभागीता बढाउने;

(ज) जलवायु परिवर्तनका कारण स्वास्थ्य तथा सरसफाईमा पर्ने असरहरुको बारेमा जनचेतना अभिवृद्धि;



निशान्त शर्मा
अध्यक्ष

(६) एकीकृत जलाधार व्यवस्थापन, दिगो जिविकोपार्जन, स्वास्थ्य तथा खानेपानी, जलवायु परिवर्तन समानुकूलन, सरसफाई जस्ता सामाजिक विकासका योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणसंग सम्बन्धि अनुसूची-७मा उल्लेख गरिएका सूचकहरुको अनुगमन नियमित रुपमा अनुगमन संयन्त्र तथा प्राविधिक कार्य समुह मार्फत गरिनेछ।

१५. <u>सीप तथा क्षमता विकास र प्रविधि हस्तान्तरण:</u> (१) जलवायु तथा विपद् ज्ञान केन्द्र स्थापना गरी कार्य अनुभव, अध्ययन, अनुसन्धान तथा व्यवहारिक शिकाई गर्ने र त्यस्ता सिकाईहरुलाई कार्यक्रम तर्जूमा तथा कर्यान्वयनमा प्रयोग गरिनेछ ।

(२) परम्परागत ज्ञान तथा सीपको अभिलेखीकरण गरी एकीकृत जलाधार व्यवस्थापन योजनाहरुमा अन्तरिकीकरण गरिनेछ ।

(३) कृषि, वन, पशुपालन, सरसफाई, स्वास्थ्य लगायतको क्षेत्रमा पानी किफायति सुख्खा तथा खडेरी प्रतिरोधात्मक आधुनिक प्रविधिहरुको विकास तथा विस्तार गरिनेछ ।

(४) स्थानीय वडा तहको संस्थागत संरचना विकास गर्ने तथा स्थानीय तहका कर्मचारी, पदाधिकारीहरु, र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

(५) सङ्कटासन्न स्थानीय समुदायलाई जलाधार व्यवस्थापन, जलवायु परिवर्तनका विविध पक्षहरुमामा सुसूचित गर्न तथा क्षमता अभिबृद्धिको लागि सरोकारवालाहरुको समन्वयमा जनचेतना, तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(६) प्राविधिक तथा आर्थिक स्रोतमा सङ्कटासन्न घरधुरी तथा लक्षित वर्गको पहूँच बढाउन औपचारिक, अनौपचारीक, दूर शिक्षा, खुला तथा स्थलगत शिकाईको माध्यमबाट सङ्कटासन्न व्यक्ति, परिवार र युवाको क्षमता विकास गरी परिचालन गरिनेछ ।

१६. <u>सुशासन प्रवर्द्धन:</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजनासंग सम्बन्धित भुक्तानी प्रकृयालाई विद्युतीय एवं बैङ्क मार्फत गर्ने व्यवस्था मिलाउने र कार्यसम्पन्नताको आधारमा भूक्तानी गरिनेछ ।

(२) एकिकृत जलाधार व्यवस्थापन योजना बमोजिम उपभोक्ता समिति तथा लाभान्वित समुदाय मार्फत सञ्चालन हुने कार्यक्रमहरुको सुरु तथा अन्त्यमा सार्वजनिक सुनुवाईको आयोजना गरी अनुसूची-८ बमोजिमको विवरणहरु सार्वजनिक गरिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

(३) सार्वजनिक सुनुवाईबाट प्राप्त राय सुझावहरुलाई योजना कार्यान्वयन तथा अनुगमन प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

(४) ठेक्का प्रकृयाबाट सञ्चालन हुने कार्यक्रमको हकमा स्वीकृत डिजाईन तथा लागत अनुमानभन्दा कमसल काम गरेको वा तोकिएको समयमा कार्य सम्पन्न नहुने देखेमा भुक्तानी सच्याउन सुझाव पेश गरिनेछ ।

(५) आयोजना सम्बन्धि स्थानीय समुदायले गुनासो तथा उजुरी दिन सक्ने गरी संयन्त्र विकास गरी गुनासो तथा उजुरीको यथोचित संवोधन गरिनेछ ।

(६) आयोजना कार्यान्वयन स्थलमा आयोजनाको जानकारी सहितको सूचना पार्टी राखिनेछ ।

(७) गाउँपालिकाको वेवसाईटमा आयोजको डिजाईन, लागत अनुमान, सञ्चालन अवधि सहितको जानकारी राखिनेछ ।

१७. <u>जलाधार तथा जलवायु परिवतर्तन अनुकूलन सञ्चित कोषः</u> (१) चिशंखुगढी गाउँपालिका अन्तर्गत जलाधार तथा जलवायु परिवर्तन व्यवस्थापन सञ्चित कोषको स्थापना गरिनेछ ।

(२) कोषमा गाउँपालिकाको आन्तरिक स्रोत, प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त रोयल्टी, अनुदान, विकास साझेदार तथा दातृ निकायबाट प्राप्त सहयोग आदि, बाट प्राप्त हुने रकम जम्मा गरिनेछ ।

(३) सञ्चित कोषको रकमलाई अत्यावश्यक संरचनाहरुको मर्मत संभार, लक्षित वर्गको जिविकोपार्जन, लैङ्गिक तथा समाजिक समावेशीकरण, जलवायु परिवर्तन उत्थानशीलता विकास जस्ता कार्यमा खर्च गर्ने गरी कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि वनाई सोही कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

१८. <u>सहभागितामूलक व्यवस्थापनः</u> (१) गाउँपालिकाले जलाधार व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरु सञ्चालन गर्दा तीनवटै तहका सरकार, गैर सरकारी संस्था, विकास साझेदार संस्था र समुदायमा आधारित संगठित संस्था, निजी तथा सहकारी क्षेत्र, नागरिक समाजमा आवद्ध सरोकारवालाहरुलाईसहभागि गराई गरिनेछ ।

१९. <u>समन्वय संयन्त्रको व्यवस्थाः</u> (१) जलाधार क्षेत्रको योजना तर्जूमा तथा छनौट, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन मर्मत सम्भार जस्ता कार्यहरुको सहजीकरण र

निशान्त शर्मा
अध्यक्ष

समन्वयका लागि देहाय अनुसारको एकीकृत जलाधार व्यवस्थापन समन्वय संयन्त्र गठन गरिनेछ ।

१. गाउँपालिका, अध्यक्ष -संयोजक

२. गाउँपालिका उपाध्यक्ष -सह-संयोजक

३. जिल्ला समन्वय समितिको महिला प्रतिनिधि -सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका -सदस्य

५. प्रमुख/ अधिकृत प्रतिनिधि, वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी) -सदस्य

६. प्रमुख/ अधिकृत प्रतिनिधि, डिभिजन वन कार्यालय -सदस्य

७. प्रमुख/ अधिकृत प्रतिनिधि भू तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य

८. प्रमुख/ अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

९. विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

१०. संयोजकले तोकेको सम्बन्धित क्षेत्रको अनुभवि महिला -सदस्य

११. गाउँ कार्यपालिकाको महिला प्रतिनिधि दुई जना- सदस्य

१२.गाउँपालिकाको योजना शाखा प्रमुख -सदस्य सचिव

द्रष्टव्यः जलाधार व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनसंग सम्बन्धित सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, अन्य संगठित संघ संस्थाहरुलाई समावेशीको सिद्धान्त अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

२०. समन्वय संयन्त्रको काम, कर्तब्य र अधिकारः (१) एकीकृत जलाधार व्यवस्थापन समन्वय सयन्त्रको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एकीकृत जलाधार व्यवस्थापनको लागिदीर्घकालीन तथा आवधिक योजना तयार पारी सो को आधारमा बार्षिक योजना निर्माण गर्ने;

निशान्त शर्मा
अध्यक्ष

(ख) गाउँपालिका क्षेत्रभित्र कार्यरत सरकारी तथा गैर सरकारी व्यक्ति, संस्था तथा निकायहरुबीच समन्वय गरी एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु परिणाममुखी र प्रभावकारी रुपमा सञ्चालन गर्ने;

(ग) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय, प्रादेशिक र संघीय सरकार, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी एकीकृत रुपमा योजना तथा बजेट तर्जूमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने;

(घ) एकीकृत जलाधार व्यवस्थानका लागि गाउँपालिकामा एक प्राविधिक कार्य समुह गठन गरी प्राविधिक रुपमा सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाउने

(ङ) एकीकृत जलाधार व्यवस्थापनका लागि स्थानीय, प्रादेशिक तथा संघीय स्तरका सरकारी, गैर सरकारी एवं विकास साझेदारसंग आर्थिक एवं प्राविधिक स्रोत तथा सहयोगको को लागि आवश्यक समन्वय, सहकार्य तथा पहल गर्ने;

(च) जलवायु उत्थानशील जिविकोपार्जनका लागि जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका कार्यहरुलाई एकीकृत जलाधार व्यवस्थापनका कार्यहरुमा समावेश गर्ने;

(छ) एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमका लागि आवश्यकता अनुसार नीति, रणनीति, मार्गदर्शन, खर्च संरचना, तथा कार्यविधि तयार गर्ने ।

(ज) दफा १४ बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यक कार्यहरु गर्ने ।

## परिच्छेद-५

## अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

२१. अनुगमन तथा मुल्याङ्कन (१) यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना भए नभएको, एकीकृत जलाधार व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा समन्वय सयन्त्रले सरोकारवाला व्यक्ति, संस्था तथा निकायसंगको छलफल, रेकर्डहरुको अध्ययन, स्थलगत अनुगमन अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

निशान्त शर्मा
अध्यक्ष

(२) योजना तथा बार्षिक कार्यक्रमहरुलाई प्रभावकारी वनाउन समन्वय संयन्त्रले कम्तिमा पाँच महिनामा र आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. <u>स्वः मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) गाउँपालिकाभित्र कार्यक्रम सञ्चालन गर्ने संस्था, निकाय तथा सरोकारवालाहरुले सम्बन्धित कार्यक्रमको स्वः मुल्याङ्कन गरी सो को प्रतिवेदन अनुगमन संयन्त्र समक्ष पेश गर्नुपर्नेछ ।

उपदफा १ बमोजिम पेश हुन आएको प्रतिवेदनउपर गाउँ कार्यपालिकाको कार्यालयले अध्ययन गरी आवश्यक राय सुझाव तथा सिफारिस गर्न सक्नेछ र उक्त राय सुझावको कार्यान्वयन गर्नु सम्बन्धित संस्था, निकाय तथा सरोकारवालाको कर्तब्य हुनेछ ।

२३. <u>अनुगमनको टोली खटाउनेः</u> संयन्त्रले कार्यक्रमहरुको अनुगमनको लागि जनप्रतिनिधि एवं प्राविधिक कर्मचारी सम्मिलित अनुगमन टोली वा दफा १९ को खण्ड (घ) बमोजिमको प्राविधिक कार्य समुह गठन गरी अनुगमन गर्न सक्नेछ ।

## <u>परिच्छेद-६</u>
## <u>विविध</u>

२४. प्राविधिक सहयोग लिन सक्नेः एकीकृत जलाधार व्यवस्थापन योजना, विषयगत योजनाको तयारी तथा कार्यान्वयनको सम्बन्धमा गाउँपालिकाको आन्तरिक जनशक्तिबाट गर्न सम्भव नभएको अवस्थामा सम्बन्धित विषय विज्ञहरु वा संस्था वा परामर्शदाताको सहयोग लिन सकिनेछ ।

२५. निर्देशन दिन सक्नेः गाउँ सभाले कार्यपालिकालाई जलाधार व्यवस्थापन समन्वय संयन्त्रको काम कारवाही सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । गाउँ सभाबाट प्राप्त निर्देशनको पालना गर्नु समन्वय संयन्त्रको कर्तब्य हुनेछ ।

२६. <u>प्रचलित कानून लागू हुने</u> :यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

२७. संसोधनः गाउँ कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित केही विषयहरु थपघट गर्नुपर्ने भएमा आवश्यकता र औचित्यको आधारमा संसोधन गर्न सक्नेछ ।

२८. खारेजी र बचाउः यस निर्देशिका लागु हुनु अघि गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्ना, ओखलढुङ्गा कोशी प्रदेश, नेपाल स्था: २०७३

## अनुसूची-१

### (दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### जलाधार व्यवस्थापनमा गाउँपालिकाको अधिकार

१. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
२. स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन तथा व्यवस्थापन
३. वातावरण संरक्षण र जैविक विविधता
४. खानेपानी तथा साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, स्थानीय स्तरको जलवायु परिवर्तन अनुकूलन तथा मानुकूलन
५. विपद् व्यवस्थापन
६. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
७. स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
८. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन
९. पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
१०. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन
११. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन
१२. स्थानीय स्तरमा खाली जग्गा, पाखा, वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग तथा व्यवस्थापन
१३. स्थानीय स्तरको जोखिम न्यूनिकरण
१४. स्थानीय स्तरमा हरियाली प्रवर्द्धन
१५. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनिकरण
१६. गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
१७. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
१८. संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय स्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
१९. संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका लागि कार्यक्रमको तर्जूमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

निशान्त शर्मा
अध्यक्ष

२०. स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्ना, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

## अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### गाउँपालिकाबाट प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग लिन चाहानेले दिने निवेदनको ढाँचा

श्री अध्यक्षज्यू

चिशंखुगढी गाउँपालिका

प्रस्तुत विषयमा यस गाउँपालिकाको मेरो/ हाम्रो स्वामित्वमा रहेको निम्न लिखित जग्गामा निम्न लिखित कामहरु गर्न निम्न बमोजिमको प्राविधिक ज्ञान तथा आर्थिक सहयोग आवश्यक भएको सो उपलब्ध गराई दिनु हुन निवेदन पेश गरेको छु/ छौ ।

(१) जग्गाको विवरण

(क) क्षेत्रफल

(ख) सिमाना

(ग) चार किल्ला

(२) कामको विवरण

(क) .............

(ख) .............

(ग) ..............

(३) आवश्यक प्राविधिक ज्ञान र सेवाको विवरण

(क) ................

(ख) .................

(ग) .................

(४) लाग्ने खर्चको विवरण

(क) जम्मा लाग्ने रकम

(ख) आफुले व्यहोर्ने रकम

(ग) आर्थिक सहयोग माग गरेको रकम

<u>निवेदकको</u>

दस्तखत

पुरा नामः

मितिः

Nishant [signature]

निशान्त शर्मा

अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

## अनुसूची-३

### (दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### गाउँपालिकामा योजना कार्यान्वयनको अनुमतिको लागि दिईने निवेदनको ढाँचा

श्री अध्यक्षज्यू

चिशंखुगढी गाउँपालिका

यस चिशंखुगढी गाउँपालिकामा निम्नानुसारको आयोजना कार्यान्वयनको अनुमति उपलब्ध गराउने व्यवस्थाको यो निवेदन पेश गरेको छु/ छौं ।

क. आयोजनाको विवरण

१. आयोजनाको नाम

२. आयोजना सञ्चालनसंग सम्बन्धित पक्षहरु (उपभोक्ता समिति, गैर सरकारी संस्था, दातृ निकाय)

३. ठेगाना

४. उद्देश्य

५. आयोजना स्वीकृत गर्ने निकाय

६. आयोजना सुरु हुने मिति

७. आयोजना सम्पन्न हुने मिति

८. आयोजना अन्तर्गत सञ्चालन हुने मुख्य कार्यक्रमहरुको विवरण

ख. आयोजनाको लागत सम्बन्धि विवरण

१. अनुमानित लागत रकम रु.

२. लागत व्यहोर्ने श्रोतहरु रु.

३. जनश्रमदानको अंश रु.

ग. निर्माण सामाग्रीको विवरणः

| सि.नं. | निर्माण सामग्री व्यहोर्ने निकाय | सामग्रीको नाम | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्थाबाट | | | | |
| २ | समुदायमा आधारित संस्थाबाट | | | | |
| ३ | विदेशी दातृ निकायबाट | | | | |
| ४ | उपभोक्ता समितिबाट | | | | |
| ५ | अन्य | | | | |

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेनो, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

घ. आयोजनाबाट लाभान्वित हुने

१. घर परिवार संख्या

२. जनसंख्या ..........., महिला............. पुरुष............. लक्षित वर्ग.........

ङ. उपभोक्ता समितिं र गैर सरकारी संस्थाको विवरणः

१. गठन भएको मितिः

२. पदाधिकारीको नाम र ठेगाना

च. संलग्न कागजातहरुः

१. उपभोक्ता समिति, गैर सरकारी संस्था वा सम्बद्ध निकायबीच भएका सम्झौताका शर्तहरु

२. स्वीकृत आयोजना प्रतिवेदन

निवेदक

नामः

पदः

ठेगानाः

संस्थाको छाप

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ओखलढुंगा प्रदेश नं १, नेपाल स्था: २०७३

## अनुसूची-४

### (दफा ८ को उपदफा (१) संग सम्बन्धित)

### एकीकृत जलाधार व्यवस्थापन योजनामाको खाका

१. एकीकृत जलाधार व्यवस्थापन योजना औचित्य

२. जलाधार व्यवस्थापन योजनाको आवश्यकता उद्देश्य, क्षेत्र

३. एकीकृत जलाधार व्यवस्थापनका सिद्धान्तहरु

४. जलाधार व्यवस्थापन योजना तर्जूमा विधि

५. जलाधार क्षेत्रको वस्तुगत अवस्थाको विश्लेषणः

- भौगोलिक अवस्था
- माटो, चट्टान तथा भौगर्भिक अवस्था
- जलवायु तथा जलवायु परिवर्तनको विश्लेषण
- भू-उपयोग तथा भू-उपयोग परिवर्तन, जलाधारको उत्पादन तथा उत्पादकत्व
- जलस्रोतको अवस्था,
- मुख्य पारिस्थितिकीय प्रणाली तथा सेवाहरु,
- सामाजिक-आर्थिक अवस्था,
- जलाधार क्षेत्रमा उपलब्ध भौतिक संरचनाहरु

६. लैङ्गिक तथा सामाजिक समावेशीकरण

- जलाधारमा बसोबास गर्ने घरधुरीहरुको लैङ्गिक आय
- लैङ्गिक अवस्था अनुसार रोजगार तथा श्रमको अवस्था
- खानेपानीको उपलब्धता तथा महिलाहरुको पहुँच
- उपलब्ध वित्तिय स्रोत एवं संसाधनहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

७. जलाधार क्षेत्रका समस्याको पहिचान तथा विश्लेषण

८. लक्षित रणनीति तथा कार्यक्रमहरु

- जलस्रोतको दिगो संरक्षण, व्यवस्थापन तथा सदुपयोग
- दिगो भू-उपयोग व्यवस्थापन
- जिविकोपार्जनका माध्यमहरुको विविधिकरण, आम्दानी तथा रोजगार प्रवर्द्धन
- जलवायु परिवर्तन न्यूनीकरण, अनुकुलन तथा उत्थानशीलता विकास
- विपद व्यवस्थापन
- दिगो पुर्वाधार विकास
- एकीकृत सामाजिक विकास



निशान्त शर्मा

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि
- अन्तरसम्बन्धित कार्यमूलक अनुसन्धान तथा प्रसार

सन्दर्भ सामग्रीहरु

अनुसूचीहरु

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैनो, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

## अनुसूची-५

### (दफा ८ को उपदफा (३) संग सम्बन्धित)

### जलाधार क्षेत्रको प्रथामिकीकरणका आधारहरु

| क.सं | आधारहरु | कूल अङ्क | प्राप्त गर्ने अङ्क | | | |
|---|---|---|---|---|---|---|
| १ | गरिबीको सूचाङ्क (कूल जनसंख्यामा गरिवको अनुपात) | १० | ८०% भन्दा बढी (१०) | ८०%-५०% (७.५) | ५०%-२०% (५) | २०% भन्दा कम (२.५) |
| २ | लक्षित वर्ग (कुल जनसंख्यामा लक्षित वर्गको अनुपात) | १० | ४० प्रतिशत भन्दा बढी (१०) | २०-४० (५) | २० प्रतिशत भन्दा कम (३) | - |
| ३ | १० रोपनी भन्दा कम जग्गा भएका घरधुरीहरु | १० | >८०% (१०) | ५०-८०% (५) | <५०% (३) | - |
| ४ | वन क्षेत्रको अवस्था तथा उपयोग | ५ | अत्याधिक दोहन (५) | बढी प्रयोग भएको (३) | सचित प्रयोग (२) | |
| ५ | वहु प्रकोप (खडेरी, बाढी, पहिरो, डढेलो ) | १५ | अत्याधिक समस्याग्रस्त (१५) | समस्याग्रस्त (१०) | न्यून प्रभाव (५) | - |
| ६ | बर्षातको पानीमा निर्भर हुने क्षेत्र | १५ | ९० प्रतिशत भन्दा बढी (१५) | ८०-९०% (१०) | ७०-८०% (५) | ७०% भन्दा कम (०) |
| ७ | पानीको उपलब्धता | १० | स्रोत नभएको (१०) | सिमित स्रोत भएता पनि समस्या भएको (५) | आंशिक रुपमा उपलब्ध भएको (५) | - |
| ८ | क्षतिग्रस्त भूमि | १५ | >२०% (१५) | १०-२०% (१०) | <१०% (५) | - |
| ९ | जमिनको उत्पादन क्षमता | १५ | कम उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उल्लेख्य | औषत उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उत्पादकत्व | उत्पादकत्व बढी भएको र जलाधार व्यवस्थापन मार्फत केही मात्रामा | |

निशान्त शर्मा
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रुपमा उत्पादकत्व वृद्धि गर्न सकिने (१५) | वृद्धि गर्न सकिने क्षेत्र (१०) | उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्र (५) | |
| १० | जलाधार व्यवस्थानका कार्यक्रम सञ्चालन गरिएका जलाधार क्षेत्रसंगको सामिप्यता | १० | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग जोडिएको (१०) | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग नजोडिएको (५) | - | - |
| ११ | लघु जलाधार क्षेत्र | १५ | ५ भन्दा बढी लघु जलाधार क्षेत्र (१५) | ३-५ वटा लघु जलाधार क्षेत्र (१०) | २-३ वटा लघु जलाधार क्षेत्र (१०) | |

अनुसूची-६

(दफा ११ को उपदफा (१) संग सम्बन्धित)

गाउँपालिकामा उपलब्ध वातावरणीय सेवाहरुको सूची

क. जलाधार क्षेत्रले उपलब्ध गराएका वातावरणीय सेवाहरु

१. विद्यमान जैविक विविधताको संरक्षण

२. जलाधार संरक्षण तथा पानीको गुणस्तर तथा स्रोतमा सुधार

३. क्षतिग्रस्त भुमिको पुनरुत्थान तथा प्राकृतिक सौन्दर्यको सुधार

४. पर्यापर्यटनमा योगदान

५. जलवायु परिवर्तन न्यूनीकरण तथा उत्थानशीलता विकास

६. विद्युत उत्पादनमा योगदान

७. मत्स्यपालन तथा जिविकोपार्जनमुखी सेवाहरु

८. कार्वन सञ्चिति

ख. वातावरणीय सेवाहरुको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु

१. गाउँपालिका



विशान्त शर्मा
अध्यक्ष

२. डिभिजन वन कार्यालय

३. भू-संरक्षण कार्यालय

४. जलविद्युत आयोजनाहरु

५. पर्यापर्टन क्षेत्रसंग सम्बन्धित निकायहरु

६. जिविकोपार्जनमा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा निकायहरु

७. कार्वन व्यापारमा संलग्न संघ संस्था तथा निकायहरु

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ओखलढुङ्गा कोशी प्रदेश, नेपाल स्था: २०७३

## अनुसूची-७

### (दफा १३ को उपदफा (५) संग सम्बन्धित)

### लैङ्गिक तथा सामाजिक समावेशीकरणका सूचकहरु

| क.सं. | सूचक | अङ्क | प्राप्ताङ्क | पुष्टयाईका आधारहरु |
|---|---|---|---|---|
| १ | एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागीता भएको छ वा छैन | | | |
| २ | योजनाहरु तर्जूमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको सुझाव लिईएको छ वा छैन | | | |
| ३ | योजना तथा कार्यक्रममा भएका लैङ्गिक तथा समावेशीकरण सम्बन्धी व्यवस्थाहरुको बारेमा लक्षित वर्ग तथा कर्मचारीहरुलाई अभिमुखीकरण भएको वा नभएको | | | |
| ४ | क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा लैङ्गिक तथा सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति र समुहलाई विशेष प्रथिमकता दिने गरिएको छ वा छैन | | | |
| ५ | जलाधार व्यवस्थापन योजनाहरुमा लक्षित वर्गको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन ल्याउने व्यवस्था उल्लेख भएको छ वा छैन | | | |
| ६ | जलाधार व्यवस्थापन योजनामा लक्षित वर्गको छुट्टै आवश्यकता पहिचान गरी विशेष कार्यक्रमहरु प्रस्ताव गरिएको छ वा छैन | | | |
| ७ | जलाधार व्यवस्थापन योजना कार्यान्वयनको सन्दर्भमा हुने भेला, सार्वजनिक परीक्षणमा महिला सदस्यको सहभागीता हुने गरेको छ वा छैन | | | |
| ८ | उपभोक्ता समिति, अनुगमन समिति लगायतका समितिहरुमा महिलाको न्यूनतम ३३ प्रतिशत सहभागीता छ वा छैन | | | |

निशान्त शर्मा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | समन्वय संयन्त्र तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउँदा लैसास सम्बन्धी सूचकहरु समावेश गरी सूचकहरु वनाएको छ वा छेन | | | |
| १० | लैङ्गिक तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुहको उत्थानको लागि तर्जूमा भएका कार्यक्रम तथा बजेटको कार्यान्वयन पूर्ण रुपमा भएको छ वा छैन | | | |
| ११ | सञ्चित कोषको रकम लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा खर्च भएको छ वा छैन | | | |
| १२ | महिला तथा वञ्चितिकरणमा परेका समुदायको आवश्यकता पुरा गर्नको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको छ वा छैन | | | |

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची-८

**(दफा १५ को उपदफा (१) संग सम्बन्धित)**

सार्वजनिक सुनुवाईमा सार्वजनिक गरिने विषयहरु

भेलाको उपस्थितिको लागि सूचना जारी गरेको मितिः

सूचनाको माध्यमः

सूचना प्रवाह गरिएका स्थानः

सार्वजनिक परिक्षण गरिएको मितिः

**सार्वजनिक परीक्षणमा उपस्थित सहभागीहरुको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

छलफलका विषयहरुः

१. आयोजनाको हालसम्मको भौतिक प्रगती (सेवा तथा सामग्री)

२. गरिद गरिएका सामग्री, भुक्तानी विवरण

३. कार्यान्वयनको समयमा भएका समस्या

४. डिजाईन आदिमा परिवर्तन भए सो को विवरण

५. सामग्री/ सेवा खरिद गर्दा अपनाईएको विधि प्रकृया

६. आयोजना सञ्चालन अवधिमा भए गरेका निरीक्षण तथा अनुगमन

छलफलबाट गरिएका निर्णयहरु

१.

२.

उपभोक्ता समितिको अध्यक्षको सही

उपभोक्ता समितिको सचिवको सही

गाउँपालिका प्रतिनिधिको नाम, पद र सही

वडा प्रतिनिधिको नाम, पद र सही

आज्ञाले
लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत